प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २३९ ॥ २०८२ कातिक ०८ गते शनिबार (25th Oct 2025 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

## झापामा सुरक्षाका लागि सेना परिचालन



झापा(प्रस) ।तिहार , छठ र त्यसपछिको सुरक्षा परिस्थितिलाई ध्यानमा राख्दै नेपाली सेनाले झापाका बजारहरुमा संयुक्त गस्तीलाई तीव्रता दिएको छ । नेपाली सेनाको श्री अरिदमन गण झापाले तिहार र छठ तथा त्यसपछिको सुरक्षा परिस्थितिलाई ध्यानमा राख्दै दिन र रात दुबै समयमा झापा जिल्लाका मुख्य बजारहरु सदरमुकाम चन्द्रगढी , बिर्तामोड, काँकडभिट्टा, दमक, गौरादहलगायतलाई केन्द्रित गरी गस्ती कार्बाही संचालन गरेको हो । त्यस गस्तीमा जनपद प्रहरी र सशस्त्र प्रहरी पनि सहभागी छन् । कात्तिक ३ गतेदेखि शुरु गरिएको संयुक्त गस्ती १५ गतेसम्म संचालन हुने अरिदमन गण चारआलीले जनाएको छ ।

## बिरिङमा भव्य छठको तयारी, सुरक्षामा चुनौती




झापा(प्रस) । ब्रतालुहरुको संख्या बढ्दै गएपछि झापाको बिरिङ खोलामा भव्य छठ पूजाको तयारी गरिएको छ । बढी भीडभाड हुँदा सुरक्षामा चुनौती देखिएको छ ।

श्री छठ समाज सेवा समिति बिर्तामोडले बिरिङ खोलामा छठ पूजाको लागि करिव ८० प्रतिशत तयारी पुरा भइसकेको बताउँदै यस वर्ष १७५ वटा घाट रहने जानकारी दिएको छ । गत वर्ष १५४ वटा घाट रहेका थिए । ब्रतालुहरुको संख्या थपिएपछि यस वर्ष २१ वटा घाट थप्नु परेको श्री छठ समाज सेवा समितिकी अध्यक्ष संगीता रौनियारले पत्रकार सम्मेलनमा बताइन् । उनले अहिलेको परिस्थितिमा सुरक्षा चुनौती रहेको बताउँदै सुरक्षा व्यवस्थाका लागि सबै सुरक्षा निकायसंग आग्रह गरिएको जानकारी दिइन् । संस्थाका पूर्व अध्यक्ष घनश्याम चौधरीले छठ पूजाको सुरक्षाका लागि जनपद र सशस्त्र प्रहरीलाई आग्रह गरिएको बताए । त्यस्तै अर्का पूर्व अध्यक्ष देवेन्द्रकुमार सिंहले सुरक्षा निकायका सुरक्षाकर्मीसंगै ३० जना निजी सुरक्षागार्ड राखिने जानकारी दिए । कार्यक्रममा मूल समितिका संयोजक राजकुमार शाहले पर्सीसम्ममा सम्पूर्ण तयारी भइसक्ने जानकारी दिए । छठ पूजाका लागि मूल समितिसंगै विभिन्न उपसमितिहरु गठन गरिएको छ ।

प्रमुख अतिथिमा प्रजिअ

विगतका वर्षहरुमा राजनीतिक दलका व्यक्तिहरुलाई प्रमुख अतिथि बनाउने गरिएकोमा यस वर्ष प्रमुख जिल्ला अधिकारीलाई प्रमुख अतिथि बनाइने भएको छ । देशको परिस्थिति अनुसार राजनीतिक दलहरुभन्दा सुरक्षा व्यवस्थाका लागि पनि प्रमुख जिल्ला अधिकारीलाई प्रमुख अतिथि बोलाएको अध्यक्ष रौनियारले बताइन् । पूजामा बिर्तामोड, चारपाने, अर्जुनधारा, लक्ष्मीपुर, दुर्गापुरलगायतका स्थानबाट ब्रतालुहरु आउने आयोजक समितिले जनाएको छ ।

## भाइटीकाको दिन १० वटा दुर्घटना, १९ जना घाइते

झापा(प्रस) । भाइटीकाको दिन बिहीवार झापामा अत्यधिक सवारी दुर्घटना भएको छ । जिल्लाभरि भएका १० वटा दुर्घटनामा १९ जना घाइते भएका छन् ।

बिहीवार विहान ९:३० बजे कमल वडा न.६ दहीचोकस्थित पाडाजुँगी- गौरीगंज सडकखण्डमा पाडाजुँगीबाट गौरादहतर्फ जाँदै गरेको तत्काल अल्फाबेट नम्बर नखुलेको सेतो रंगको कारले इभी साइकल यात्रीलाई ठक्कर दिएको छ ।साइकल चालक कमल वडा न.१ बस्ने ७२ वर्षीय टिकाराम गुरागाईको टाउकोमा चोट लागेको छ । उनको निम्स अस्पताल दमकमा उपचार भइरहेको छ । फरार कारको खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

त्यस्तै बिहीवार मध्यान्ह १२ बजे कमल वडा न.३ सानो केर्खास्थित पूर्वपश्चिम लोकमार्गमा बिर्तामोडबाट दमकतर्फ जाँदै गरेको प्रदेश न.१-०१-०१५ प १३२७ न. को मोटरसाइकल र दमकबाट बिर्तामोडतर्फ आउँदै गरेको बा ७५ प ५०६० नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना भएको छ । दुर्घटनामा १३२७ न.को मोटरसाइकल चालक इलाम चुलाचुली वडा न.१ बस्ने वर्ष ५३ का प्रकाश राई ,सोही मोटरसाइकलमा पछाडी सवार उनकी श्रीमती वर्ष ४८ की कल्पना राई र ५०६० नम्बरको मोटरसाइकल चालक मोरङ केराबारी वडा न.९ बस्ने वर्ष ३२ का उमेश बिक घाइते भएका छन् । तीनै जना घाइतेहरुको मनमोहन अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ । दुबै मोटरसाइकल नियन्त्रणमा लिई प्रहरी चौकी केर्खामा राखिएको छ ।

त्यस्तै बिहीवार दिउँसो ३ बजे शिवसताक्षी -७ ब्याङडाँडास्थित भित्री पक्की सडकखण्डमा शिवगंजबाट दुधे चौकतर्फ जाँदै गरेको प्र १-०१-०१४ प ५४४९ न.को मोटरसाइकलले सोही दिशातर्फ जाँदै गरेको साइकललाई ठक्कर दिँदा साइकल यात्री शिवसताक्षी ७ लालझोडा बस्ने वर्ष ८० का नर इन्द्रबहादुर राई घाइते भएका छन् । त्यस्तै मोटरसाइकल चालक शिवसताक्षी -११ बस्ने बर्ष ३२ का निर्मल बि.क. पनि घाइते छन् । दुबै जनालाई निम्स अस्पतालमा सामान्य उपचारपश्चात् थप उपचारका लागि लाईफलाईन अस्पताल रेफर गरिएको छ । दुबै सवारी साधन इलाका प्रहरी कार्यालय शिवगंजको नियन्त्रणमा रहेको छ ।

त्यस्तै बिहीवार दिउँसो ४:२० बजे शिवसताक्षी -११ दुधे पुलस्थित पूर्व-पश्चिम राजमार्गमा बिर्तामोडबाट दमकतर्फ जाँदै गरेको प्र ३-०१-०२२ च ४३२७ न.को कार र बिपरित दिशाबाट आउँदै गरेको प्र १-०१-०१८ प ३७४० न.को स्कुटर एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा स्कुटर चालक इलाम चुलाचुली ४ बस्ने वर्ष ३७ का कृष्ण राई घाइते भएका छन् । घाइतेलाई कार चालक दमक ९ बस्ने वर्ष ४४ का हरि ढकालले उपचारको लागि बीएण्डसी अस्पताल लिएर गएका छन् । दुबै सवारी साधन इलाका प्रहरी कार्यालय झिलझिलेले नियन्त्रणमा लिएको छ ।

त्यस्तै बिहीवार दिउँसो ४:४० बजे मेचीनगर १२ सहरेडाँगीस्थित मेची राजमार्गमा बुधबारेबाट चारआलीतर्फ आउँदै प्र.१-०३-००१ प. ०३५८ नम्बरको मोटरसाइकलले सोही दिशातर्फ आउँदै गरेको साइकललाई ठक्कर दिँदा साइकल चालक मेचीनगर १२ बस्ने वर्ष ६५ का बर्मा मेचे घाइते भएका छन् । घाइते मेचेको बीएण्डके पोलिक्लिनिक चारआलीमा उपचार भइरहेको छ । त्यस्तै मोटरसाइकल चालक इलाम सूर्योदय ८ बस्ने बर्ष २१ का प्रवेश तामाङ , सोही मोटरसाइकलमा पछाडि सवार उनकी आमा बर्ष ४० की पुष्पा तामाङ र बहिनी बर्ष १२ की सुसाङ तामाङ पनि घाइते भएका छन् । तीनै जना घाइतेलाई मनकामना अस्पताल चारआली लगिएको थियो । पुष्पा तामाङ र सुसाङ तामाङलाई थप उपचारको बिर्तासिटी अस्पताल विर्तामोड पठाइएको छ ।

त्यस्तै बिहीवार दिउँसो ४:४० बजे गौरीगंज ३ दन्तकालीस्थित गौरीगंज- तुलाचन हुलाकी सडकखण्डमा गौरीगंजबाट तुलाचनतर्फ जाँदै गरेको प्र१-०१-००१ह ९३९२ नम्बरको अटोले सोही दिशातर्फ जाँदै गरेका पैदल यात्री वर्ष ५७ की सिता राय कठेतलाई ठक्कर दिई घाइते बनाएको छ । घाइतेलाई उपचारको लागि न्युरो अस्पताल विराटनगर पठाइएको छ । अटो र अटो चालक गौरीगंज १ बस्ने वर्ष १७ का करण महतोलाई इलाका प्रहरी कार्यालय गौरीगंजले नियन्त्रणमा लिएको छ ।

त्यस्तै बिहीवार साँझ ५:३५ बजे मेचीनगर वडा न. ७ गोमनसरीस्थित भित्री सडकखण्डमा सतिघट्टाबाट भृकुटीतर्फ जाँदै गरेको मे ५ प ४७७१ नम्वरको मोटरसाइकल आफै अनियन्त्रित भई सडकमा पल्टिँदा मोटरसाइकलमा पछाडी सवार सोही ठाउँ बस्ने वर्ष ५० का बुधेश्चर राजवंशी घाइते भएका छन् । उनको बीएण्डसी अस्पताल विर्तामोडमा उपचार भइरहेको छ । मोटरसाइकल चालक वर्ष ३० का रबिन उराउ भने सकुशल रहेका छन् ।

त्यस्तै बिहीवार साँझ ६:२० बजे शिवसताक्षी वडा न. १० किरात चोकस्थित पूर्व-पश्चिम लोकमार्गमा दमकबाट बिर्तामोडतर्फ आउँदै गरेको मे १ ह ३६८९ नम्बरको अटो आफै अनियन्त्रित भई बाटोमुनि कल्भर्टमा छिर्दा अटोमा सवार मेचीनगर वडा न. ३ बस्ने वर्ष ४७ की चन्द्रकला लाम्गादे घाइते भएकी छन् । उनको बिर्तासिटी अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ । उपचारमा उनका श्रीमान अटो चालक वर्ष ५२ का कमल लाम्गादे संलग्न रहेका छन् ।

त्यस्तै बिहीवार साँझ ७:४० बजे दमक वडा न.६ भृकुटी चोकस्थित भित्री सडकखण्डमा सगरमाथा चोकबाट भृकुटी चोकतर्फ जाँदै गरेको डब्लुबी ७९ बी५२५७ नम्बरको स्कुटी र बिपरित दिशाबाट आउँदै गरेको मे ६ प ९७८४ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना भएको छ । दुर्घटनामा स्कुटी चालक भारत गौरीबास दार्जिलिङ बस्ने वर्ष २३ का नयन क्षेत्री ,सोही स्कुटी पछाडी सवार काठमाण्डौ बुढानिलकण्ठ वडा न.८ बस्ने वर्ष २८ का बिदान पोखेल , मोटरसाइकल चालक दमक वडा न.९ बस्ने वर्ष २६ का सुनिल लिम्बू र सोही मोटरसाइकलमा पछाडी सवार बर्ष ४२ का मिलन लिम्बू घाइते भएका छन् । घाइते चारैजनाको लाईफलाईन अस्पताल दमकमा उपचार भइरहेको छ । दुबै सवारी साधन नियन्त्रणमा लिई इप्रका दमकमा राखिएको छ ।

त्यस्तै बिहीवार राति ११:३० बजे बाह्रदशी वडा न.६ पाखिबासस्थित भित्री सडकखण्डमा चकचकीबाट लक्ष्मीपुरतर्फ आउँदै गरेको मे ६ प ६७२८ नं.को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक सोही ठाउँ बस्ने बर्ष ४६ का रुपेश राजवंशी घाइते भएका छन् । उनलाई उपचारको लागि बिर्तासिटी अस्पताल लगिएको छ ।

## झापामा २ हजार ६२२ नयाँ मतदाता थपिए

झापा(प्रस) । झापामा २ हजार ६२२ नयाँ मतदाता थपिएका छन् ।

तिहारको विदा हुनु अघिल्लो दिनसम्म त्यति नयाँ मतदाता थपिएको जिल्ला निर्वाचन कार्यालय झापाले जनाएको छ । असोज १२ देखि असोज मसान्तसम्म २ हजार ३९५ र तिहारको अघिल्लो दिन कात्तिक २ गते २२७ जना नयाँ मतदाता थपिएको जिल्ला निर्वाचन अधिकारी तुलसी नेपालले बताए । यसअघि झापामा ६ लाख ८० हजार ३७१ जना मतदाता रहेकोमा अब मतदाता संख्या ६ लाख ८२ हजार पुगेको छ ।

देशभर ७० हजार नयाँ मतदाता थपिएका छन् । अध्यादेशमार्फत कानुन संशोधन गरेर छुटेका व्यक्तिका लागि अतिरिक्त समय दिइएपछि मतदाता नामावलीमा नाम दर्ता गराउने क्रम जारी छ। सरकार तथा निर्वाचन आयोगले यथाशक्य छिटो मतदाता नामावलीमा आफ्नो नाम दर्ता गराउन आग्रह गरेको छ । निर्वाचन आयोगले ९ असोजमा सूचना प्रकाशित गरेर मतदाता नामावली संकलन थालिएको भनेको थियो ।

त्यसयता २ कात्तिकसम्म ७० हजार ४ सय १५ जना व्यक्ति मतदाता नामावलीमा थपिएका छन् । त्यसमध्ये ४३ हजार १ सय ६५ पुरुष र २७ हजार २ सय ४४ महिला र ६ जना अन्यले नाम दर्ता गराएको आयोगका सूचना अधिकारी सुमन घिमिरेले बताए । अनुमान गरिएजस्तो नामावली संकलनमा उत्साहजनक सहभगिता नदेखिएको उनले उल्लेख गरे ।

सरकारले मतदाता नामावली ऐन संशोधन गरेर निर्वाचन घोषणा पछाडि पनि मतदाता नामावली संकलनको व्यवस्था गरेको हो । २१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन घोषणा गरिएको छ । निर्वाचन घोषणा भएको मितिबाट मतदाता नामावली संकलन नगरिने कानुनी व्यवस्थालाई सरकारले संशोधन गरेपछि नामावली संकलनको बाटो खुलेको हो । त्यसअनुसार आयोगले ३० कात्तिकसम्म मतदाता सूचीमा नाम दर्ता गराउन सकिने समय दिएको छ ।

अध्यादेशमार्फत कानुन संशोधन गरेर छुटेका व्यक्तिका लागि अतिरिक्त समय दिइएपछि मतदाता नामावलीमा नाम दर्ता गराउने क्रम जारी छ। सरकार तथा निर्वाचन आयोगले यथाशक्य छिटो मतदाता नामावलीमा आफ्नो नाम दर्ता गराउन आग्रह गरेको छ ।

निर्वाचन आयोगले ९ असोजमा सूचना प्रकाशित गरेर मतदाता नामावली संकलन थालिएको भनेको थियो । त्यसयता २ कात्तिकसम्म ७० हजार ४ सय १५ जना व्यक्ति मतदाता नामावलीमा थपिएका छन् । त्यसमध्ये ४३ हजार १ सय ६५ पुरुष र २७ हजार २ सय ४४ महिला र ६ जना अन्यले नाम दर्ता गराएको आयोगका सूचना अधिकारी सुमन घिमिरेले बताए । सरकारले मतदाता नामावली ऐन संशोधन गरेर निर्वाचन घोषणा पछाडि पनि मतदाता नामावली संकलनको व्यवस्था गरेको हो । २१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन घोषणा गरिएको छ । निर्वाचन घोषणा भएको मितिबाट मतदाता नामावली संकलन नगरिने कानुनी व्यवस्थालाई सरकारले संशोधन गरेपछि नामावली संकलनको बाटो खुलेको हो । त्यसअनुसार आयोगले ३० कात्तिकसम्म मतदाता सूचीमा नाम दर्ता गराउन सकिने समय दिएको छ । प्रधानमन्त्री सुशीला कार्कीले आफ्नो मताधिकार सुनिश्चित गर्न मतदाता नामावलीमा दर्ता हुन आह्वान गरेकी छन् । सामाजिक सञ्जाल ‘एक्स’ मार्फत उनले सरकारले निर्वाचन सम्पन्न गर्ने लक्ष्यका साथ तयारी अघि बढाइरहेको भन्दै सबैलाई आफ्नो मताधिकार सुनिश्चित गर्न आग्रह गरेकी छन् ।



कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले मतदानको अधिकारबाट वञ्चित नरहन आग्रह गरेका छन् । ‘मतदाता नामावलीमा छुटेकाहरूका लागि कानुनमै संशोधन गरेर विशेष व्यवस्था गरिएको छ । यो अवसर उपयोग गर्न चुक्नु भएन,’ उनले भने, ‘नाम दर्ता गराउन, सच्याउन वा एक ठाउँबाट अर्को ठाउँमा नामावली सार्न ३० कात्तिकसम्मको समय छ ।’

२३ र २४ भदौमा भएको जेन-जी आन्दोलनपछि २७ भदौमा प्रतिनिधिसभा विघटन गरिएपछि नयाँ निर्वाचनको घोषणा गरिएको छ । नयाँ निर्वाचनको घोषणा हुँदै गर्दा ठूलो संख्यामा युवाको नाम मतदाता नामावलीमा नरहेको आकलन गरेर कानुनमा संशोधन गरेर विशेष व्यवस्था गरिएको उनले बताए । देशैभरका निर्वाचन कार्यालयहरूमा मतदाता नामावली दर्ताको काम भइरहेकाले आफूलाई पायक पर्ने कार्यालय पुगेर नामावली दर्ताको प्रक्रिया पूरा गर्न भण्डारीले आग्रह गरे ।

मतदाता नामावलीमा नाम दर्ता गराउन सम्बन्धित व्यक्तिको नागरिकता भने हुनुपर्छ । १८ वर्ष उमेर पुगेका नागरिकले मतदाता नामावलीमा नाम दर्ता गराउन पाउँछन् । अनलाइन प्रक्रियामार्फत आवेदन दिने सुविधा आयोगले प्रदान गरेको छ । आयोगको वेबसाइट वा नागरिक एपमा रहेको आयोगको लिंकमार्फत आफ्नो व्यक्तिगत विवरणहरू भरिसकेपछि निर्वाचन कार्यालयमा गएर फोटो खिचाउने र बायोमेट्रिक गराउनुपर्छ ।

देशभित्र जो जहाँ भए पनि त्यहींबाट मतदाता नामावलीमा नाम दर्ता गराउन सकिने सुविधा दिइएको प्रमुख आयुक्त भण्डारीले बताए । मतदाता नामावली संकलन कार्यलाई आयोगले विशेष महत्त्व र प्राथमिकता दिएर बढाएको उनले भनेका छन् । अनलाइनमा व्यक्तिगत विवरण भरिसकेपछि आफू बसोबास गरिरहेको जिल्लाको निर्वाचन कार्यालयमा गएर फोटो खिचाउने र बायोमेट्रिक गराउन सकिने सुविधा छ । यसैका लागि आफ्नो गृह जिल्ला नै पुग्नुपर्ने बाध्यता नरहेको भण्डारीले बताए ।

निर्धारित मितिसम्म संकलन भएका नाममाथि दाबी विरोध लिन आयोगले त्यसलाई सम्बन्धित स्थानीय तहहरूमा पठाउनेछ । दाबी विरोधको प्रक्रिया पूरा भएपछि मात्रै अन्तिम मतदाता नामावलीमा अहिले संकलित हुने नामहरू चढाइनेछ । निर्वाचनका लागि पहिलो र महत्त्वपूर्ण काममा मतदाता नामावलीको तयारी पर्छ । निर्वाचनको तयारीमा जुटेको आयोगले त्यसलाई दुरुस्त पार्ने कार्य गरिरहेको छ । नामावलीलाई शुद्ध र वास्तविक बनाएर अन्तिम मतदाता नामावली प्रकाशनको कार्यतालिका आयोगले राखेको छ ।

❖ बाँकी पृष्ठ ३ मा

# सोलु जिप दुर्घटनामा ३ जनाको ज्यान गयो



झापा(प्रस) । सोलुखुम्बुमा बिहीबार साँझ जिप दुर्घटना हुँदा ज्यान गुमाएका ३ जनाको सनाखत भएको छ । जिल्लाको माप्य दूधकोशी गाउँपालिकाबाट महाकुलुङका यात्रु बोकेर हिँडेको जिप माप्य दूधकोशी गाउँपालिका-६ भिरकुनाबाट खसेको थियो ।

प्रदेश नम्बर १-०३१ च ५९२५ नम्बरको जिप भिरकुनामा पुगेपछि ब्रेक फेल भइ अनियन्त्रित हुँदा दुर्घटना भएको चालक श्रीध्वज राईलाई उद्धृत गर्दै प्रहरीले बताएको छ ।

गाडीमा सवार ११ जना यात्रुमध्ये चालकसहित ६ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ । कार्यालयका अनुसार दुर्घटनामा ज्यान गुमाउनेहरूमा महाकुलुङ गाउँपालिका वडा नम्बर ३ छेस्कामकी १६ वर्षीया हवी राई, २० वर्षीया शान्ति राई र १७ वर्षीया निर्जला राई रहेका छन् ।

त्यस्तै घाइते हुनेहरूमा महाकुलुङ ३ का ३२ वर्षीय श्रीध्वज राई, ४ की १६ वर्षीया गंगा राई, १८ वर्षीया बस्तीकला राई, १६ वर्षीया समया राई र सजना राई र १० वर्षीय उमेश राई रहेका छन् । कार्यालयका अनुसार घाइतेहरूको जिल्ला अस्पताल फाप्लुमा उपचार भइरहेको छ भने मृतकहरूको शव महाकुलुङ अस्पताल पठाइएको छ ।

# कारले सिटीलाई ठक्कर दिँदा पाँचजना घाइते



झापा(प्रस) । झापाको बिर्तामोड- ९ नरियावारीस्थित आदर्शचौक-हल्दिवारी भित्री सडकखण्डमा कारले सिटी सफारीलाई ठक्कर दिँदा पाँचजना घाइते भएका छन् ।

शुक्रवार बिहान अन्दाजी १०:३० बजे बिर्तामोडबाट हल्दीबारीतर्फ जाँदै गरेको बा ०१-०३० च ८६७७ नं. को कारले बिपरित दिशाबाट आउँदै गरेको प्र १-०१-००२ ह ७०२८ नं. को सिटी सफारी तर्फको लेन बढी चापेर लगेपछि सिटी चालकले सिटी बचाउने क्रममा सिटी बाटोभन्दा मुनि पल्टिई दुर्घटना भएको हो । दुर्घटनामा सिटी चालक हल्दीबारी ३ बस्ने बर्ष ४१ का विवश मुर्मु , सिटीमा सवार इलाम माई नगरपालिका ६ बस्ने बर्ष ३७ का सुरेश गिरी , उनकी श्रीमती बर्ष ३५ की तुलसा गिरी, भतिजा बर्ष ४ का संयोग गिरी र भतिजी बर्ष ११ की निहारिया गिरी घाइते भएका छन् । घाइतेहरुको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ। कार र कार चालक बिर्तामोड-७ बस्ने बर्ष ५० का शंकरमणि पाण्डेलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# उदयपुरमा जिप दुर्घटना, १५ जना घाइते



झापा(प्रस) । उदयपुरको कटारी नगरपालिका-४ बिजुलेडाँडामा बोलेरो जिप दुर्घटना हुँदा १५ जना घाइते भएका छन् ।

कटारीबाट लेखानीतर्फ जाँदै गरेको बा ७ च ३६९५ नम्बरको जिप शुक्रबार दिउँसो अनियन्त्रित भई सडकको बायाँपट्टि पल्टिएको हो । दुर्घटनामा घाइते भएकामध्ये केहीको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

उनीहरूलाई तत्काल प्रादेशिक अस्पताल कटारीमा लगिएको र अवस्था अनुसार अन्य सुविधासम्पन्न अस्पतालमा रेफर गर्ने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी डीएसपी केदारमान दोङले बताए ।

दुर्घटनामा घाइते हुनेमा दुधौली नगरपालिका-१४ सिन्धुलीका ६७ वर्षीय क्षेत्रबहादुर मगर, कटारी-८ का ४५ वर्षीय अर्जुन तामाङ, २५ वर्षीया राममाया तामाङ, ३३ वर्षीया मिनाकुमारी तामाङ, ३० वर्षीय दुर्गा दुलाल, २४ वर्षीया मनिषा दुलाल, १३ वर्षीय लाटाङ तामाङ रहेका छन् ।

यस्तै ५२ वर्षीय दिलबहादुर तामाङ, ५९ वर्षीय अमृतबहादुर तामाङ, ६२ वर्षीय रत्नलाल तामाङ, ४३ वर्षीय मानबहादुर श्रेष्ठ, ६८ वर्षीय कृष्ण राई, ३४ वर्षीय देवबहादुर राई, ६ वर्षीय चन्द्रबहादुर तामाङ र २२ वर्षीया लक्ष्मी तामाङ घाइते भएको प्रहरीले जनाएको छ ।

चालक कटारी-१४ लेखानीका ३० वर्षीय सागर राईलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान सुरु गरेको छ ।

# रुकुम पश्चिममा जिप दुर्घटनाः ७ जनाको मृत्यु




झापा(प्रस) । रुकुम पश्चिम जिल्लाको पश्चिम बाँफीकोट गाउँपालिका-७ लिस्नेमा जिप दुर्घटना हुँदा ७ जनाको मृत्यु भएको छ । १० जना घाइते भएका छन् ।

शुक्रबार साँझ जिल्ला सदरमुकाम मुसीकोट खलंगाबाट आठबिसकोट नगरपालिकाको स्यालाखदीतर्फ जाँदै गरेको रा १ ज ४२२ नम्बरको जिप आठबिसकोट नगरपालिका र बाँफिकोट गाउँपालिकाको सिमाना पर्ने झारमारे लेकमा दुर्घटना भएको प्रहरीले जनाएको छ । जिप सडकबाट करिब ७ सय मिटर तल खसेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका सूचना अधिकारी प्रहरी निरीक्षक हरिप्रसाद पुनले जानकारी दिए । उनका अनुसार मृत्यु हुनेमा आठबिसकोट नगरपालिका-२ स्यालाका ३० वर्षीया कमला वली, १६ वर्षीय टेकजंग बुढा, १५ वर्षीया दिलमाया बूढा, १७ वर्षीया मनिका वली, १८ वर्षीया शर्मिला विक, २२ वर्षीय गोपाल वली छन् । एक जनाको पहिचान खुल्न बाँकी छ । घाइतेलाई उद्धार गरी जिल्ला अस्पताल सल्ले लगिएको छ ।

# गायिका नितुले गरिन् आत्मदाह, बाबुल पक्राउ





झापा(प्रस) ।शरीरमा पेट्रोल खन्याएर आत्मदाहको प्रयास गरेकी गायिका नितु पौडेलको मृत्यु भएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता पवन भट्टराईले शुक्रवार बिहान ८:२० बजे किर्तिपुर वर्न अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको जानकारी दिए।

गत शनिबार दिउँसो साढे २ बजेतिर स्टुडियोमा रहेकै अवस्थामा पौडेलले आफैंले आफ्नो शरीरमा पेट्रोल छर्केर आत्मदाह प्रयास गरेकी थिइन्। पौडेलको ५५ प्रतिशत शरीरको भाग जलेको थियो।

उक्त घटनाबारे सोधपुछका लागि गायक बाबुल भनिने धनबहादुर गिरीलाई प्रहरीले नियन्त्रणमा लिएको थियो।भट्टराईका अनुसार, घटनाको अनुसन्धान गर्नका लागि स्टुडियो सञ्चालक समेत रहेका गिरीलाई नियन्त्रणमा लिइएको हो। घाइते महिलाको परिवार, आफन्त र प्रत्यक्षदर्शीलाई पनि सोधपुछका लागि प्रहरीमा बोलाइएको छ।

घटनामा गिरी पनि घाइते भएका थिए। उनको हात खुट्टामा सामान्य जलेको थियो।

यसैबीच गायक तथा संगीतकार बाबुल (धनबहादुर) गिरी आत्महत्या दुरूत्साहन मुद्दामा पक्राउ परेका छन् । जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईका अनुसार गिरी शुक्रबार पक्राउ परेका हुन् । अनामनगरस्थित एक स्टुडियोमा आत्मदाहको प्रयास गरेकी गायिका नितु पौडेलको उपचारको क्रममा आज बिहान मृत्यु भएपछि गायक गिरी पक्राउ परेका हुन् । पौडेलको कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचार भइरहेको थियो । आफैंमाथि आगो लगाइरहेको अवस्थामा गायिका पौडेललाई गत शनिबार प्रहरीले उद्धार गरेर कीर्तिपुर बर्न अस्पताल पुर्‍याएको थियो । उक्त घटनामा गिरी पनि सामान्य घाइते भएका थिए । प्रहरीका अनुसार गिरी र पौडेल झन्डै ९ वर्षदेखि प्रेम सम्बन्धमा रहेका थिए ।

# गौरादहमा ग्याङफाइट, ६ जना पक्राउ

झापा(प्रस) । झापाको गौरादह -५ स्कुलचौन बजारमा ग्याङफाइट गर्ने ६ जना युवा पक्राउ परेका छन् ।



बुधवार दिउँसो २ बजे स्कुलचौन बजारमा पुरानो रिसिइबीको कारण युवाहरुको दुई समूहबीच ग्याङफाइट भएको थियो । प्रहरी चौकी महारानीझोडामा जानकारी प्राप्त हुनसाथ प्रहरी सहायक निरीक्षक चन्द्रबहादुर कार्कीको कमाण्डमा ५ जना र इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी निरीक्षक बिपन बिश्वकर्माको कमाण्डमा ११ जनाको टोली खटिएर झै-झगडामा संलग्न युवाहरुलाई नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेहरुमा दमक ७ बस्ने बर्ष २१ का प्रसान शेर्मा ,दमक ८ बस्ने बर्ष २० का रोहन लिम्बू ,दमक ८ बस्ने बर्ष २० का लियोज बजगाइ , दमक ८ बस्ने बर्ष २१ का सिसम थेवे लिम्बू ,दमक ८ बस्ने बर्ष २३ का डेबिड मगर र दमक ७ बस्ने बर्ष २१ का सुदर्शन सापकोटा रहेका छन् । उनीहरुलाई पक्राउ गरी इप्रका दमकमा राखिएको छ । यता बुधवार दिउँसो १२ बजे भद्रपुर -१० सयपत्री मार्ग बस्ने अनार मुखियाकी छोरी वर्ष २६ की सुरेखा मुखियामाथि हतियार प्रहार भएको छ । तत्काल नाम थर वतन नखुलेको दुई जना पुरुषले धारिलो हतियार प्रहार गर्दा युवतीको बाँया हात र बाँया गालामा गहिरो चोट लागेको छ । उनको ओमसाई पाथिभरा अस्पताल भद्रपुरमा उपचार भइरहेको छ । हतियार प्रहार गर्ने ब्यक्तिहरू फरार रहेका छन् । उनीहरुको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# देउसी खेल्दाखेल्दै लडेर विष्टको मृत्यु



झापा(प्रस) । तिहारमा देउसी खेल्दाखेल्दै लडेर इलाममा एकजनाको मृत्यु भएको छ ।

बिहीवार दिउँसो ४.३० बजे इलाम नगरपालिका- ९ भगवती टोल बस्ने ५३ वर्षीय चन्दबहादुर बिष्ट सोही ठाउँ बस्ने शेरबहादुर लावतीको घरमा साथीहरुसंग देउसी खेल्न गएका थिए । देउसी खेल्ने क्रममा उनी एक्कासी लडेका थिए । घाइते विष्टलाई आफन्तले उठाई जिल्ला अस्पताल इलाम पुर्‍याएकोमा साँझ ७:२१ बजे डाक्टरले मृत घोषणा गरेका छन् । मृतकको शव सोही अस्पतालमा रहेको छ ।

घटनाको जानकारी पाएपछि प्रहरी चौकी गोलाखर्कबाट प्रहरी बरिष्ठ हवल्दार शम्भु राजवंशीको कमाण्डमा प्रहरी टोली घटनास्थल गएको थियो । अनुसन्धान तथा कानुनी प्रक्रियाको लागि प्रहरी निरीक्षक रमेश राईको कमाण्डमा ५ जनाको टोली खटिएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

# निःशुल्क आँखा शिविरबाट २८२ जना लाभान्वित

भद्रपुर(प्रस) । झापाको भद्रपुरमा वृहत् निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । क्लब बांग्ला भद्रपुरद्वारा आयोजित ९ औं श्री सार्वजनिक काली पूजा स्थलमा शुक्रबार भएको निःशुल्क आँखा शिविरमा २८२ जनाले सेवा लिएका छन् ।



मेची आँखा अस्पताल बिर्तामोडको प्राविधिक सहयोगमा गरिएको शिविरमा २८ जना मोतीबिन्दु देखिएको थियो ।

मोतीबिन्दु देखिएका बिरामीहरूको निःशुल्क उपचार मेची आँखा उपचार केन्द्र भद्रपुरमा गरिदिने अस्पतालका मेडिकल डाइरेक्टर डा. पुरुषोत्तम जोशीले जानकारी दिए ।

शिविरमा अस्पतालका नेत्र अधिकृत तथा ओपिडी इन्चार्ज सन्तोष कर्ण, अप्टिसियन सहायक चन्द्रराज साह, अप्टिसियन सहायक दुर्गा राजवंशी लगायतले बिरामीहरूको आँखा जाँच गर्दै निःशुल्क औषधि समेत वितरण गरेका थिए ।

क्लबले धार्मिकसँगै सामाजिक कार्यलाई मध्यनजर गरी आँखा शिविर सञ्चालन गरेको पूजा समितिका संयोजक विजय साहाले जानकारी दिए । त्यस्तै भारतीय कलाकार हरूको सहभागितामा शुक्रवार साङ्गीतिक साँझ आयोजना गरिएको उनको भनाई छ । यस वर्ष क्लबले नेपाली राष्ट्रिय क्रिकेट खेलाडीहरूको तस्बिरहरू राखेर काली पूजाको आकर्षक पण्डाल बनाएको समितिका निर्मल घोषले जानकारी दिए ।

# बिर्तामोडमा करेन्ट लागेर महिलाको मृत्यु

झापा(प्रस)।झापाको बिर्तामोडमा करेन्ट लागेर एक महिलाको मृत्यु भएको छ ।

शुक्रवार दिउँसो अन्दाजी १२:१५ बजे बिर्तामोड- १० फेसबुक चोक बस्ने ५५ वर्षीया तालामाई मर्डीको करेन्ट लागेर मृत्यु भएको हो ।

उनले स्थानीय कुमार मगरको घरबाट तानेर आफ्नो घरमा बिजुली बाल्ने गरेकी थिइन् । बिजुली बिग्रिएपछि तार हेर्दै जाने क्रममा करेन्ट लागेर मर्डी खेतमा घोप्टो परी मृत अवस्थामा फेला परेकी थिइन् ।

थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय बिर्तामोडबाट टोली खटिएको थियो । शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

**बचत तथा ऋण सहकारी संघ लि.**
**झापा**
**प्रकाशित मिति-२०८२/०७/०८**

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस बचत तथा ऋण सहकारी संघ लि. झापाको संचालक समितिको बैठक बसी संस्थाको १४ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा गर्ने निर्णय गरिएको हुँदा सो साधारण सभामा उपस्थितिका लागि सम्पूर्ण सदस्य सहकारीहरुलाई सूचित गर्दछौं ।

साधारण सभा हुने कार्यक्रम
मिति- २०८२ साल मंसिर ३ गते
स्थान- सगुन होटलको सभाहल, दुर्गापुर
समय - विहान ११ बजे

तुलाराम न्यौपाने
अध्यक्ष



कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# अहंकार छोड

अपदस्त भइसकेका राजनीतिक दल र तिनका नेताहरुलाई अझै भ्रम छ । उनीहरु अझै आशाको त्यान्द्रो बोकेर अहंकार डंका पिटिरहेका छन् । मानौ भदौ २३ र २४मा केही भएकै होइन । अहिले पनि केही भएकै छैन । जनताले सत्ताबाट च्यूत गरिसकेका ती पुराना दलहरु जुर्मुराउन खोज्दैछन् । जेनजीको आन्दोलनलाई असफल बनाउन खोज्दैछन् ।

नेपालको वर्तमान अवस्था मूल्यांकन गर्दा नेपाल गृहयुद्धमा जान सक्ने पूर्व संकेतहरू देखिँदै छन्। अहिले नेपालको समग्र अवस्थाको सूक्ष्म मूल्यांकन गर्दा चिन्ताको विषय देखिएको छ ।

देशको यस्तो तरल अवस्था कुनै पनि पात्र (राजनीतिक दल, सरकार, अरू सरोकारवालाहरू) ले चाहेअनुसार सबै थोक भइदिँदैन। हेर्दाहेर्दै स्थिति थप जटिल बन्दै जान्छ र उनीहरू किंकर्तव्यविमूढ भई असहाय साबित हुँदै जान्छन्।

भदौ २३ र २४ गते भएको यो हिंसात्मक विद्रोह र यसले २७ घण्टाभित्र देशको शक्तिशाली सरकार हटाउनेदेखि, कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका समेत ध्वस्त पारेको क्रुर यथार्थ र १९ जना होनहार युवाले कानुनको शासन र भ्रष्टाचारको अन्त्यको माग गर्दा जसले नागरिकको सुरक्षा र सुशासनको प्रत्याभूति तथा भ्रष्टाचार नियन्त्रण गर्नुपर्ने हो, उही सरकारले अकालमा ज्यान लिएको घटना नेपालको इतिहासमा अति दु:खान्त रूपमा रहिरहने मात्र भएन कि यदि दलहरू, सरकार, सेना र सुरक्षा निकाय, पत्रकार, नागरिक समाज, निजी क्षेत्र सबैले सोच विचार पुऱ्याई मध्यमार्ग अपनाएनन् भने नेपाल निकट भविष्यमै गृहयुद्धमा नजाला भन्न सकिन्न। त्यसैले यतिबेला सरकार र दलहरूले पूर्वाग्रही भावबाट होइन, देशलाई संकटबाट मुक्त गर्ने परिपक्व व्यवहार देखाउन आवश्यक छ।

अहिलेको आवश्यकता सरकारले दलहरूलाई विश्वासमा लिई भयरहित, शान्तिपूर्ण, निष्पक्ष र पारदर्शी रूपमा आगामी निर्वाचन सम्पन्न गर्नु र राजनीतिक दलहरूले आआफ्ना दलको लोकतन्त्रीकरण गरी आगामी निर्वाचनमा अत्यधिक मात्रामा निर्विवादित नयाँ युवा अनुहारलाई निर्वाचनमा उतार्दै नवनिर्वाचित संसद्ले संविधान संशोधन गरेर भदौ २३ गतेको जेनजी समूहका युवाहरूको आन्दोलनको मागलाई सम्बोधन गर्नु नै हो।




# नेपाली मोडलको समाजवाद



• बामदेव क्षेत्री (घिमिरे)

नेपालमा सामन्ती युग अन्त्य भएर पुँजीवादी लोकतान्त्रिक युग सङ्क्रमणमा छ । सुरुको चरणमा समाजवाद उन्मुख पुँजीवाद निर्माण गर्दै समाजवादका विशेषता बारे छलफल आवश्यक छ । नेपाली मोडलको समाजवाद के हो, समाजवाद र पुँजीवादको के भिन्नता छ, पुँजीवाद र साम्यवादको फ्युजन वा तेस्रो बाटो भनिएको प्रजातान्त्रिक समाजवादको अभ्यास र सम्भावना कस्तो देखियो ? समाजवादका शास्त्रीय सोच अबको दुनियाँमा खास गरेर नेपालमा क्रियाशील हुन सक्छ कि सक्दैन ? पुँजीवाद र समाजवादमा समान र भिन्नता के हो ? समाजवादको सामाजिक चिन्तन दर्शन र सिद्धान्त के हुन सक्छ ? भन्ने थुप्रै प्रश्न जो अनुत्तरित छन् ।

कम्युनिस्टहरूको विश्वमा क्रान्तिका दुई वटा मोडल देखा परे । पहिलो रुसले अवलम्बन गरेको सशस्त्र विद्रोहको मोडल/दोस्रो चिनियाँ दीर्घकालीन जनयुद्धको मोडल । समाजवादका आफ्नो मौलिकतामा देश अनुसारका थुप्रै मोडेल छन् । नेपालले यी मोडलको आयात गर्ने होइन आफ्नै मौलिकतामा समाजवाद स्थापना गर्ने हो । दोस्रो विश्व युद्धको क्रममा पूर्वी युरोपका कतिपय देश सोभियत रुसका लाल सेनाको बढ्दो प्रभावका कारण समाजवाद स्थापना भई निर्वाचनमार्फत कम्युनिस्ट सत्तामा आए । समाजवाद निर्माण हुनुका थुप्रै उदाहरण छन्, जस्तै भेनेजुलाएमा निर्वाचनबाट सत्ताप्राप्त र क्युवामा घुमन्ते विद्रोहद्वारा जनवादी क्रान्ति गरेका थुप्रै देशमा वामपन्थी सिद्धान्त बोके पनि आफ्नै मौलिकतामा समाजवादको विकास गरेको पाइन्छ । यसभन्दा पनि केही देशको उल्लेख गरिएको छ ।

समाजवाद र पुँजीवाद साम्यवाद र समाजवाद प्रवेश गरेर वर्गीय अधिनायकवादको प्रभावकारितासहित स्थापित हुन सङ्क्रमणकालीन विघटनपछि क्रान्तिलाई आयात वा निर्यातको वस्तु ठान्ने जस्तै सबै मुलुकको प्रकृति एउटै किसिमको ठान्ने भन्ने नै जडसूत्रवादी चिन्तन हो । यहाँ हामीले नेपाली मोडेलको समाजवाद बनाउन मद्दत मिलोस् भन्ने हेतुले विभिन्न विषयमा छलफलका लागि विषय प्रस्तुत गरेका छौँ ।

हाम्रो लक्ष्य नेपाली समाजको सुहाउँदो आफ्नै मौलिकतामा निर्माण हुने समाजवादको बहस हो । यसको अर्थ हिजो भष्ट्रीकरण भइसकेको वैज्ञानिक समाजवादका कमीकमजोरीबाट मुक्ति पाउने पनि हो । वैचारिक हिसाबले यो नियतिवादी ढङ्गले एकल रेखीय दिशामा अगाडि बढ्ने नभई भौतिकवादी द्वन्द्ववादी ढङ्गले बहुरेखीय दिशामा अगाडि बढ्न आवश्यक छ ।

आर्थिक हिसाबले अतिकेन्द्रीयतावादी, आधुनिकवादी दिशा होइन । केन्द्रीय मार्ग निर्देशनमा स्थानीय पहलमा आलोचनात्मक आधुनिक दिशामा अगाडि बढ्ने हो । राजनीतिक हिसाबले यो एकमतावादी सर्वहारा अधिनायकवाद ढाँचा होइन, बहुलवाद समावेशी तथा सहभागितामूलक लोकतन्त्रको ढाँचाबाट अगाडि बढ्ने हो । पुँजीवाद र समाजवादभन्दा उन्नत यो मूलतः समतलीय, स्वचालित र खुला प्रणाली नयाँ युगको मावन संयन्त्र, सङ्गठन र व्यवस्थाको दिशाबोध संयन्त्र हुने सङ्क्रमणकालीन रूपमा नेपालको सुहाउँदो विविधताको मोडल बनाउनु पर्छ ।

हामीले समाजको विविधतालाई ख्याल राखी समाजवाद निर्माणमा अगाडि बढ्ने हो । समाजवादमा सामूहिक अभ्यास, स्वयंसेवी समूह, उत्पादनमा वृद्धि वितरणमा न्यायोचित हुने हो । जहाँ उत्पादन पनि हुन्छ र त्यहाँ रोजगारी पनि हुन्छ । यो दृष्टिकोणबाट विश्लेषण गर्दा हामी पुँजीवादको विकास पहिले गरौँ भन्ने मान्यता कुनै तरिकाले पनि मेल खाँदैन । समाजवाद स्थानीय स्तरबाट आर्थिक कार्यक्रम जनताको सार्वभौमिकता, सांस्कृतिक विविधता र सामाजिक अभ्यासमा टेकेर उभिने हो । हामी गाउँमा जमिन, जल, जङ्गललाई उत्पादनशील बनाई गाउँको विकास मोडल परिवर्तन गरेर समाजवादी ढाँचामा जान जरुरी छ ।

समाजवाद आजैदेखि समुदाय र स्थानीय सरकारको विश्वासमा निर्माण गरिने विषय हो, पुँजीवादको चरम विकास पर्खिबस्ने होइन । समाजवादी आर्थिक प्रणालीको नारा छ । क्षमता अनुसारको कार्य र काम अनुसारको दाम भन्ने नारालाई सिद्धि गर्नुपर्ने आवश्यक छ ।

समाजवादको बहस चलाउँदा नेपालको सन्दर्भमा केही ज्वलन्त प्रश्न छन् । प्रथम समाज र अर्थतन्त्रको अहिलेको स्वरूप वा चरित्र कस्तो हो, त्यसको निरोपण गर्न जरुरी छ । दोस्रो खुला समाज, बहुलवाद प्रतिस्पर्धा, राजनीतिक प्रणाली, अर्थतन्त्रमा निजी क्षेत्रको हालीमुहाली, एवं तेस्रो नेपाल स्वायत्त प्रादेशिक तथा स्थानीय तह भएको संरचनामा समाजवादको तयारी गरिरहँदा राज्यको केन्द्रीय तहको नियन्त्रण र निर्देशनको आवश्यकता र प्रदेश तथा स्थानीय तहको स्वायत्तता अधिकारभित्र सन्तुलन मिलाउने कुरामा स्पष्टता चाहिन्छ ।

चौथो, संविधानले प्राकृतिकदेखि लिए भौतिक सम्पत्तिमा व्यक्तिको असीमित स्वामित्व एवं स्वतन्त्र व्यवसायको ग्यारेन्टी गरेको अवस्थामा आयको स्वार्थ पुनः वितरण हुन सक्ने, नयाँ उत्पादनसम्बन्धी कसरी विकास गर्ने भन्नेबारे स्पष्ट हुनु पर्छ । पाँचौँ, नेपाल भारतबिचको सामाजिक, आर्थिक तथा सांस्कृतिक सम्बन्ध र त्यसले दुई देशबिच स्थापित गरेको व्यक्ति वस्तु र सेवाको निर्बाध प्रवाहले समाजवाद निर्माण गर्दा कस्तो असर पर्ला बहसको आवश्यकता छ ।

ग्रामीण क्षेत्रमा जमिन अनुत्पादनक ढङ्गले खेर गइरहेको अवस्थामा छ । ग्रामीण क्षेत्रमा बसाइँसराइका कारण उत्पादित जमिन पनि बाँझो छ । जमिनको ठिक ढङ्गले सदुपयोग गर्न हामीले भूस्वामी र भूउपयोग नीतिमा आमूल परिवर्तत गर्नै पर्छ । नीतिगत रूपमा हामीले प्राकृतिक प्रदत्त सम्पदा जमिन, हावा, पानी, आकाश, खनिज, जङ्गल आदिलाई एउटै झट्कामा कानुनी सुधार गरेर राज्यको वा समुदायको स्वामित्व यसलाई ल्याउनु पर्छ र व्यक्तिलाई भोग अधिकार मात्र दिनु पर्छ ।

त्यसो भयो भने प्राकृतिक स्रोतसाधनलाई सदुपयोग गरी समाजवादी दिशामा जान सकिन्छ । हामी भौगोलिक विशेषतालाई हेर्दा साना मुलुक प्राकृतिक स्रोतसाधतले भरीपूर्ण एवं मनोरम भूपरिवेष्टितबाट भूजटिलताको विशेषतातर्फ फड्को मार्ने प्रक्रियामा विविधतामा एकताको प्रतिनिधित्व गर्न विकसित मुलुक हो । २७ डिग्री २२ मिनेट उत्तर अक्षांशदेखि ३० डिग्री २७ मिनेट दक्षिण आक्षांशमा र ८० डिग्री चार मिनेट पूर्व देशान्तरदेखि ८८ डिग्री १२ मिनेट पश्चिम देशान्तरमा फैलिएको यो राष्ट्र कुल क्षेत्रफल १,४७,५१६ वर्ग मिटर छ । यो क्षेत्रफल पृथ्वीको कुल क्षेत्रफलको ०.०३ प्रतिशत र एसिया महाद्वीपको ०.३ प्रतिशत हुन आउँछ ।

हामीले यसै क्षेत्रफलभित्र रहेर विभिन्न हावापानी, समतल भूगोल, पहाडी भूगोल, हिमाली क्षेत्रमा टेकेर यसका योजनासहितको समाजवादको बहस गर्नु पर्छ ।

नेपालको स्थानीय तहलाई सक्षम बनाउन संविधानको मर्म अनुसार (१) नैतिक व्यवस्था (२) साझेदारिता (३) नेतृत्वको विकास (४) समावेशिता (५) जवाफदेहिता आदिको व्यवस्था गरी स्थानीय तहलाई जनताले प्रयोग गर्ने जनवादमा अनुशासित रहेर समाजवादका विशेषताको जग बसाल्न आवश्यक छ । हिजो सामन्ती संस्कारमा हुर्केका स्थानीय जनप्रतिनिधि योजनालाई केन्द्रमा ताक्ने प्रवृत्ति छ । वर्तमान समयमा चेतनाको रूपान्तरण गरी स्थानीय तहलाई संविधानको अनुसूची २ मा लेखिए जस्तै समाजवादका आधारभूत विषयमा व्यापक छललफल र बहस गरी संविधानको सही कार्यान्वयन गरी समाजवादतिर डोऱ्याउन सकिन्छ । भूगोलको हिसाबले गाउँ, पहाड, पर्वतहरूले भरिएको नेपालका डाँडाका टाकुरामा रहेका पठारहरू जुन पुँजीवादी व्यवस्थापूर्वका पुशपालन जडीबुटी र कृषि उत्पादनका स्रोतहरूको वर्गीकरण गरी विकासलाई केन्द्रविन्दुमा राख्नु पर्छ ।

समावेशीको आधारमा स्थानीय बुद्धिजीवी, सामाजिक व्यक्तित्वको बिचमा स्थानीय स्रोत पहिचान गरी परिचालन गर्ने, जनप्रतिनिधिको नेतृत्वमा आफ्नो क्षेत्रभित्र विशेषज्ञ समावेश गरी अनुसन्धान गर्ने र त्यस अनुरूप योजना बनाउने । यसरी समान तहको अवधारणाले जनतालाई स्वरोजगार बनाउने, उत्पादनसित जोड्ने, रोजगारीको सुनिश्चिततासहित मानवजीवनको सार सामाजिक विकासका समावेश हुने प्रबल सम्भावनाको विशेषता छ ।

हामीले देश निर्माणका आधार विशेष गरी समाजवादी र पुँजीवादीका मापदण्डलाई हेरेर निर्धारण गर्नु पर्छ । जनताका आचरणमा पनि समाजवादी दृष्टिकोण अनुसार रूपान्तरण गरेर लैजानु पर्छ ।

संविधानको सुरुदेखि अध्ययन गर्दा निर्देशक सिद्धान्तको धारा ५० को (३) (घ)(१) मा निजी क्षेत्र र सार्वजनिक भूमिकालाई विशेष महत्व दिएको पाइन्छ । अर्थतन्त्र विकास गर्ने भन्ने विषय धारा ३८ को नागरिकको कर्तव्य भन्ने विषयमा एकआपसमा बाझिन्छ । संविधानमा नै समाजवादको आधार भूत त□व मानवीय विकासको कुरा, समाजवादको मापदण्डसँग मेल नखाने विषयसमेत संविधानमा उल्लेख छन् । त्यस कारण समाजवाद निर्माणमा संविधानमा जतिसुकै कुरा लेखिए पनि उत्पादनका साधनको विकास र त्यसको स्वामित्वबिनाका विषय फ्रोसा गफ मात्र हुन् ।

# सवाल पुस्तान्तरणको



• प्रेमलकुमार खनाल

नवयुवाले जेन-जीका नामबाट सामाजिक सञ्जालमा सरकारले गरेको प्रतिबन्धको विरोधका साथै भ्रष्टाचारको अन्त्य, सुशासनका लागि सुरुवात गरेको आन्दोलन विश्वमै ऐतिहासिक बन्न पुगेको छ। खासगरी वर्तमान दलाल पुँजीवादी व्यवस्थाले सृजना गरेको गरिबी, बेरोजगारी, भ्रष्टाचारका कारण सर्वत्र आक्रोश सृजना गरेको थियो।

मुलुकमा व्याप्त अनियमितता, भ्रष्टाचार, नातावाद, गरिबी, बेरोजगारी, आय असमानताका कारण उठान भएको जेन-जी आन्दोलन सरकारको नालायकीपनकै उपज हो। सर्वसत्तावादी सोच र पुँजीवादी आर्थिक नीति कार्यक्रम नै लागू गरेर सरकार सञ्चालन गरेका कारण मुलुकमा आर्थिक र सामाजिक विकास हुन सकेन। युवा बेरोजगारहरूको निराशाजनक अवस्था, अनियमितता र भ्रष्टाचार विरुद्ध युवा विद्यार्थीहरू आन्दोलनमा उत्रिन बाध्य भएका थिए।

पटकपटक सत्तामा गएर नेतृत्व गरेका नेतृत्वप्रति अहिलेका युवापुस्ताको आकर्षण छैन। कुल जनसंख्याको झन्डै २५/३० प्रतिशत युवा चाहे वामपन्थी हुन् चाहे लोकतान्त्रिक पार्टीमार्फत आन्दोलनमा संगठित छैनन्। अधिकांश युवा बेरोजगारीका कारण भौंतारिएर बिदेसिएका छन्। उनीहरू स्वतन्त्र वा जेन-जीका नाममा संगठित भएका छन्। यो निश्चय पनि आन्दोलनका लागि चुनौतीको विषय हो। कतिपय राजनीतिक दलले युवालाई आकर्षित गर्न निश्चित प्रतिशत तोकेर पार्टी कमिटीमा संगठित गर्ने प्रयत्न गरेको पाइन्छ तर नेतृत्वको केन्द्र भागमा विगत ३/४ दशक देखिन नेतृत्व गर्दै आएका नेतृत्वको नै वर्चस्व छ। यसले गर्दा पार्टीहरूका निर्णय प्रक्रियामा हिजोकै नेतृत्वको पकड यथावत् छ। यसले गर्दा परिवर्तनको छाललाई आत्मसात् गर्न नसकेको यथार्थ छर्लंग छ।

समयको प्रवाहसँगै दलहरूमा नेतृत्व हस्तान्तरण र पुस्तान्तरण पेचिलो विषय बनेको छ। आन्दोलनको दीर्घकालीन सफलताको आधार भविष्यका नेतृत्वले त्यसको दिशा, सिद्धान्त र व्यवहारलाई कति प्रभावकारी ढंगले अगाडि बढाउँछ भन्नेमा निर्भर हुन्छ। नेतृत्व हस्तान्तरणले नयाँ सोच, ऊर्जा र रणनीति प्रदान गर्न मद्दत पुऱ्याउँछ। नेतृत्वको हस्तान्तरण र पुस्तान्तरण आन्दोलनको दीर्घकालीन स्थायित्वसँग सम्बन्धित छ। फेरि नयाँपुस्ता नयाँ प्रविधि, सामाजिक सम्बन्ध संघ अभिन्न रूपमा जोडिएको हुन्छ। जसले आलोचनात्मक चेतको विकासका साथै र वैचारिक बहसलाई पनि सँगै अगाडि बढाउन मद्दत पुऱ्याउँछ। आन्दोलनको सफलता केवल पुराना नेताहरूको करिश्मा र संघर्षको इतिहासमा निर्भर हुँदैन। नयाँपुस्तालाई सक्षम, वैचारिक र संगठनात्मक रूपमा तयार पारेर नेतृत्व हस्तान्तरण गर्न सकियो भने मात्र आन्दोलनले समयअनुकूल रूपमा जनताको आशा सम्बोधन गर्नेछ।

पार्टीहरूमा नेतृत्व हस्तान्तरण एक महत्वपूर्ण प्रक्रिया हो, जसले पार्टीको वैचारिक निरन्तरता, आन्तरिक लोकतन्त्र र भविष्यको दिशानिर्देश निर्धारण गर्दछ। पार्टीहरूमा नेतृत्व हस्तान्तरणलाई पार्टीको आन्तरिक लोकतन्त्रका रूपमा हेरिन्छ, जसले व्यक्तिगत सत्तावादलाई रोक्ने प्रयास गर्दछ। संगठन वा टिमलाई नयाँ विचार, रणनीति र ऊर्जा प्रदान गर्न नेतृत्व हस्तान्तरण गर्नुपर्दछ। नयाँ नेताले परिवर्तित परिस्थितिमा उपयुक्त दिशा दिन सक्छ। लामो समयसम्म एउटै नेतृत्वले संगठनमा स्थिरता ल्याए पनि गतिशीलता ल्याउन सक्तैन। तर, परिवर्तनले नयाँ अवसर र विकासको सम्भावना बढाउँदछ। नेतृत्व हस्तान्तरणले नयाँ पुस्तालाई जिम्मेवारी लिने अवसर दिन्छ, जसले संगठनको दीर्घकालीन निरन्तरता सुनिश्चित गर्छ।

नेपालमा नयाँपुस्ताप्रतिको आकर्षण बढेर गएको उदाहरण गत निर्वाचनमा प्रकट भएको छ। नयाँ पुस्ताले राजनीतिको नेतृत्व गर्न पाउँदा युवा उमेरमै विभिन्न देशको कार्यकारी पदको नेतृत्व गर्न सफल भएको पनि पाइन्छ। नेपालमा कतिपय राजनीतिक दलमा विगत ३/४ दशकदेखि लगातार एकै व्यक्तिले पार्टीको नेतृत्वमा गरिरहेको पाइन्छ, यसले एकातिर नेतृत्वमा रहेका व्यक्तिले शारीरिक आराम गर्न नपाउने, आफ्नो ज्ञान बुद्धिमा अपडेट भएर रूपान्तरण हुन नपाउने उनीहरू 'अपडेटेट' नहुँदा यस्तो नेतृत्व 'आउट डेटेट' हुनु अवश्यंभावी हुन्छ। असल नेताले आफू जस्तै नेतृत्व गर्न सक्ने नेताहरू विकास गरिरहेको हुन्छ। खास गरी पार्टीका नीति निर्माण गर्दा समूहमा (टिम) छलफल गर्ने, आफूसँग अन्तर्निहित अधिकार समकालीनलाई वा मातहतकालाई हस्तान्तरण गरेर आफूले अविभावकत्वको भूमिका निर्वाह गर्न तयार हुन्छन्।

असल नेताले परिस्थितिमा भएको परिवर्तनसँगै क्रान्तिको बाटो वा कार्यदिशाका बारेमा स्पष्ट ज्ञान हासिल गरेको हुन्छ। सिंगो टिमलाई बाटो देखाउने काम गर्नुपर्छ र त्यति मात्रै होइन, असल नेताले बाटोमै पुगेर आफ्नो टिमलाई कार्यदिशाअनुरूप काममा परिचालन गर्ने सामर्थ्यता राखेको हुनुपर्छ। परिस्थितिमा आएको परिवर्तन र नेतृत्व शैलीबीच तालमेल हुनुपर्छ। त्यसो भएन भने या त नेतालाई परिवर्तन गर्नुपर्छ या त वातावरणलाई नै परिवर्तन गर्नुपर्छ।

यसो हुँदा एउटा निश्चित अवधिमा नेतृत्व हस्तान्तरणको प्रक्रियाबाट अर्को व्यक्तिले नेतृत्व सम्हालेर पार्टी संगठनलाई नेतृत्व गर्ने गर्छन्। यस किसिमको भावी नेतृत्व विकासको योजनाले स्वाभाविक रूपमा व्यक्तिहरूमा राजनीति र नेतृत्वप्रति चासो र झुकाव बढेर जान्छ। जहाँसम्म पहिलो पुस्ताको नेतृत्वले शान्तिपूर्ण तवरबाट नेतृत्व हस्तान्तरण गरेपछि उनीहरूको स्थान कहाँ हुन्छ ? भन्ने सवाल उठ्छ। यसमा पहिलो पुस्ताको नेतृत्वले स्वेच्छिक अवकाश लिएर संरक्षक बन्ने र दोस्रो पुस्ताले दैनिक सांगठनिक एवं कार्यकारी कामको नेतृत्व गर्ने र विचार दिन सक्ने अनुभवी पहिलो पुस्ताको नेतृत्वलाई भने संगठनभित्र संरक्षकको भूमिका निर्वाह गर्नेगरी काममा केन्द्रित गर्न सकिन्छ।

राजनीतिक दलहरूभित्र नेतृत्व विकासको ठोस नीतिले नेतृत्वको विकास गराउँछ र नेतृत्व गर्न सक्षम भएको आधारमा (राजनीतिक, वैचारिक, सांगठनिक तवरबाट) नेतृत्व हस्तान्तरणको विधिलाई अवलम्बन गर्न सके राजनीतिक दलहरूभित्र अस्वस्थ प्रतिस्पर्धा र गुटगत गतिविधि पनि हुर्कन पाउँदैन। यसका साथै शान्तिपूर्ण तवरबाट नेतृत्व हस्तान्तरण गर्दा पहिलो पुस्ताको नेतृत्वको ओज, कद र गरिमा झन् उँचो भएर जानेछ। कांग्रेस सभापति शेरबहादुर देउवाले भर्खरै उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएका छन्। कांग्रेसको आगामी महाधिवेशनबाट नयाँ नेतृत्वको चयन हुने देखिएको छ। देउवाले जसरी नेतृत्व हस्तान्तरणको प्रक्रियाअगाडि बढाएका छन्, त्यसैगरी माओवादी, एमाले, एकीकृत समाजवादी पार्टी पनि यस किसिमको अभ्यास हुन आवश्यक छ।

समकालीन राजनीतिमा नेतृत्वको विकास, हस्तान्तरण, पुस्तान्तरण र रूपान्तरणको सवाल अहं बनेको छ। नेतृत्व गर्न सक्ने टिम तयार भएको अवस्थामा पटकपटक नेतृत्वमा टाक्सिरहने सोच चिन्तनले सर्वसत्तावादी चिन्तनतर्फ उन्मुख गराउँछ। सही विचार र नेतृत्व भएन भने हिजो कम्फोटेबल बहुमतमा भएका पार्टीहरू २३/३३ सिटतिर झरेका छन्। तसर्थ, राजनीतिक दलहरूले समयको गतिशीलताको प्रवाहसँगै आफ्नो नीति, विचार, कार्यक्रम, कार्यशैली र नेतृत्वमा पुनर्संरचना गरेर रूपान्तरित हुन सकेमात्रै 'सर्भाइबल अफ द फिटेस्ट' हुन सक्छ।

# "भाषाको पुनर्जागरण: सिक्किम उच्च अदालत र नेपाली वर्णमालाको पुनर्स्थापना"



• विवेक केशरी प्रसाई

भारतको सिक्किम उच्च अदालतले हालै गरेको एउटा ऐतिहासिक आदेशले नेपाली भाषाका प्रयोगमा आउन छाडिएका अक्षरहरू पुनःस्थापित गर्न निर्देशन दिएको छ । 'ण, श, ष, ड़, ढ़, क्ष, त्र, ज्ञ' जस्ता अक्षरहरू नेपाली वर्णमालाको आत्मा हुन् -तर विगत केही दशकयता तिनको प्रयोग शैक्षिक पाठ्यक्रम र पुस्तकमै हराउँदै गएको थियो ।

अदालतले यो अवस्थालाई "भाषिक विकृति" भनेर व्याख्या गर्दै आदेश दिएको छ -

"A language without its full script is a culture without its memory."

सिक्किम विश्वविद्यालयलगायत सबै शैक्षिक संस्थालाई ती अक्षरहरू पुनः पाठ्यक्रममा समावेश गर्न निर्देशन दिइएको छ । साथै, एक ेष्लनगष्कतष्अ इखभचकष्जत भ्हउभचत ऋयकष्ततभभ गठन गरिएको छ, जसमा भाषा-विशेषज्ञ, ध्वनि-विज्ञ (phonologists) र शैक्षिक नीति-निर्माताहरू छन् ।

हराएका अक्षरहरू, हराउँदै गएको पहिचान

भाषा केवल शब्दहरूको संग्रह होइन,
-त्यो त सभ्यताको आवाज हो,
-पुस्ताहरूको स्मृति हो,
-र पहिचानको मेरुदण्ड हो ।

जब कुनै भाषाबाट उसका मौलिक अक्षर हटाइन्छ, त्यो केवल ध्वनिको क्षति होइन -त्यो आत्माको क्षय हो । नेपाली भाषामा 'ण' र 'ष' जस्ता अक्षरहरूका आफ्नै ध्वन्यात्मक अर्थ र प्रयोग थिए । तर ' modern simplification' को नाममा ती हराउँदै गए । विद्यालयका पुस्तकहरूमा 'षड्', ' क्षेत्र', 'ज्ञानी' जस्ता शब्दहरूको लेखाइ नै परिवर्तन हुन थालेपछि हामी आफैं आफ्नो भाषाको मूल-स्वर गुमाउँदै थियौं ।

सिक्किमको सन्देश -सम्पूर्ण नेपाली भाषाका लागि

यो आदेश केवल सिक्किम राज्यको निर्णय होइन, यो सम्पूर्ण नेपाली भाषाभाषी समाजका लागि एक सांस्कृतिक चेतना हो ।

नेपाल, दार्जिलिङ, आसाम, भूटानदेखि म्यानमार र विश्वभरका नेपाली समुदायका लागि यो एक स्मरण हो -भाषाको शुद्धता केवल व्याकरणको विषय होइन, यो पहिचानको रक्षा हो ।

"भाषा मर्छ भने, त्यससँगै एउटा सभ्यता मर्छ ।"

यस आदेशले अब नेपालका शैक्षिक संस्थालाई पनि सोच्न बाध्य पार्नेछ -के हामीले पनि 'सरलीकरण' को नाममा भाषाको आत्मा हराइरहेका त होइनौं ?

**भविष्यका लागि बाटो**

सिक्किमको अदालतको आदेश केवल कानुनी कदम होइन -यो संवेदनाको पुनर्जागरण हो ।

अब आवश्यकता छः

१. पाठ्यक्रम सुधारको पहलः नेपाल र भारत दुवै देशमा शैक्षिक निकायले पुरा नेपाली वर्णमाला अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ ।

२. डिजिटल फन्ट सुधारः ग्लष्अयमभ र टाइपफेस डिजाइनमा पनि ती अक्षरहरू पुनः प्रयोगयोग्य बनाउनुपर्छ ।

३. सांस्कृतिक पुनर्स्मरण अभियानः मिडिया, साहित्य, गीत-संगीत र पत्र-पत्रिकाले यी अक्षरहरूको प्रयोग पुनःप्रचलनमा ल्याउन सक्नुपर्छ ।

अन्त्य सन्देश

भाषा केवल संवादको माध्यम होइन -त्यो हाम्रो अस्तित्वको स्वर हो ।

सिक्किम उच्च अदालतको यो आदेशले नेपाली भाषामा पुनः एकपटक 'ण'को घनत्व, 'ष'को सौन्दर्य, 'त्र'को गाम्भीर्य, र 'ज्ञ'को गहिराइ फर्काइदिएको छ ।

अब हाम्रो जिम्मेवारी छ -ती अक्षरहरूलाई केवल पाठ्यपुस्तकमा होइन, आफ्ना मन र लेखनीमा पुनर्जिवित गराउने ।

"भाषा जोगायौं भने, हामी जोगिन्छौं ।"

यही नै सिक्किमको फैसला, र हाम्रो भविष्यको मन्त्र हो ।

# कोप–३० मा नेपालले नौ एजेन्डा प्रस्तुत गर्ने

झापा(प्रस) । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३०औं सम्मेलन (कोप-३०)को मिति नजिकिएसँगै नेपालले तयारी तीव्र बनाएको छ ।

कोप-३० आगामी नोभेम्बर १० देखि २१ तारिख (आगामी कात्तिक २४ देखि मंसिर ५ गतेसम्म) सम्म ब्राजिलको बेलेममा आयोजना हुँदैछ । यो सम्मेलन जिवाश्म इन्धनको खपत विस्थापन, वन, समुद्र र जैविक




विविधता संरक्षण अभिवृद्धि, कृषि र खाद्य प्रणालीको रुपान्तरण, मानव पक्षपोषण र सामाजिक विकास तथा प्रविधि, क्षमता अभिवृद्धिललगायत विषयमा छलफलकेन्द्रित हुने जनाइएको छ । त्यसका लागि ब्राजिल सरकारले प्रस्ताव अघि बढाएको छ ।

त्यसैगरी नेपालले पनि गत जेठमा सम्पन्न गरेको सगरमाथा संवादका निष्कर्ष 'सगरमाथा आह्वान'को हिमाल संरक्षणलगायत विषयलाई सम्मेलनमा उठाउने गरी तयारी थालेको छ । वन तथा वातावरण मन्त्रालयले सम्मेलनको तयारीका लागि सरोकारवाला सरकारी, गैरसरकारी, विकाससाझेदारलगायतकाप्रतिनिधिसहितको चरणबद्ध बैठक गरी सम्मेलनको तयारी अघि बढाएको छ ।

कोप-३० का लागि मन्त्रालयले सगरमाथा संवादका निष्कर्षका साथ सम्मेलनका उपलब्धिको विश्वव्यापी समीक्षा, जलवायुजन्य हानिनोक्सानी, अनुकूलन, न्यूनीकरण, कार्बन वित्त र पेरिस सम्झौताको धारा ६ विषयमा आधारित रहेको आफ्ना एजेन्डा प्रस्तुत गर्ने जनाएको छ ।

त्यस्तै जलवायु वित्त, जलवायुका विषयमा पारदर्शिता ढाँचा, पर्वत, क्षमता अभिवृद्धि र प्रविधि हस्तान्तरण तथा जलवायु न्यायका विषयमा आधारित रहेको एजेन्डा प्रस्तुत गर्ने मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा महेश्वर ढकालले जानकारी दिए । साथै सम्मेलनमा नेपालले पछिल्लो पटक व्यहोर्नु परेका ठूला जलवायुजन्य हानिनोक्सानीका उदाहरण प्रस्तुत गर्दै जलवायु परिवर्तनका असरबाट नेपालले भोग्नुपरेका विषयलाई उजागर गर्ने बताइएको छ ।

यसअघिका सम्मेलनमा उद्घाटनको पहिलो र दोस्रो दिन उच्चस्तरीय राजनीतिक नेतृत्वलाई आमन्त्रण गरी उच्चस्तरीय सत्र गरिन्थ्यो । कोप-३० भने सम्मेलनको तीन दिन अगाडि नै उच्चतस्तरीय सत्र आयोजना गरी राजनीतिक र प्राविधिक सत्रलाई अलग अलग गरिएको उनले बताए ।

**राष्ट्रिय स्थिति पत्रको मस्यौदा तयार**

'मन्त्रालयका तर्फबाट गर्नुपर्ने पूर्व तयारीहरु लगभग धेरै कार्य गरिसकेका छौं, मुलुकको पछिल्लो परिस्थितिका कारण यस सम्मेलनमा जाने प्रतिनिधिमण्डल पनि सकेसम्म थोरै संख्या रहनेछ,' महाशाखाका प्रमुख एवं सहसचिव डा ढकालले भने, 'राष्ट्रिय स्थिति पत्रको मस्यौदा तयार गरी सरोकारवालासँग आवश्यक छलफल र सुझाव लिने कार्य अन्तिम चरणमा छ ।'

वैज्ञानिक अध्ययनअनुसार हिमाली क्षेत्रको तापक्रम वर्तमान तथा भविष्यमा विश्वको औसत तापक्रमको दाँजोमा ०.३ डिग्री सेल्सियसदेखि ०.७ डिग्री सेल्सियसभन्दा बढी हुने गरिएको छ । परिवर्तित जलवायुका कारण नेपालमा पछिल्लो समय मनसुनी वर्षाको प्रकृति, मात्रा तथा समय तालिकामा व्यापक हेरफेर देखिन थालेको छ । यसप्रकारको हेरफेरका कारण उत्पन्न हुने जलवायुजन्य प्रकोप र विपद्ले गर्दा नेपालले ठूला जलवायुजन्य हानिनोक्सानीको सामना गर्नुपरिरहेको छ ।

यस्तो अवस्थामा नेपालले कोप-३० मा जलवायुजन्य हानिनोक्सानीको विषयलाई बढी जोड दिनुपर्ने संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम नेपालको जलवायु परिवर्तन तथा उत्थानशील परियोजनाका विश्लेषक दिपक केसीको सुझाव छ । उनले भने, 'हानिनोक्सानीको क्षतिपूर्तिका लागि आठ विलियन अमेरिकी डलर आवश्यक छ, तर हानिनोक्सानी कोषमा आठ सय मिलियन डलर मात्रै प्रतिबद्धता भएको र त्यसमध्ये पनि खर्च गर्ने रकम चार सय मिलियन डलर रहेको छ ।'

त्यसैले नेपालजस्ता मौसमी तथा जलवायुजन्य हानिनोक्सानी बढी व्यहोर्ने मुलुकहरु मिलेर हानिनोक्सानी क्षतिपूर्तिको विश्वव्यापी दबाब बढाउनुपर्ने उनको भनाइ छ । 'यसका साथै नेपाल जस्ता मुलुकले नीतिगत सुधार, प्रविधि क्षमता अभिवृद्धिलगायत तयारी पनि सँगसँगै गर्नुपर्छ' विश्लेषक केसीले भने ।

**मन्त्रिस्तरीय सहभागिता हुने**

कोप-३० मा सम्भवतः नेपालले मन्त्रिस्तरीय सहभागिता जनाउने गरी तयारी भएको बुझिएको छ । हालसम्मको तयारी अनुसार सम्मेलनमा कृषि तथा पशुपन्छी विकासमन्त्री डा मदनप्रसाद परियारको नेतृत्वमा सहभागिता जनाइने बताइएको छ ।

नेपालबाट हालसम्म यस अघिका पाँच सम्मेलनमा राष्ट्र/सरकार प्रमुखस्तरबाट सहभागिता भएको थियो । सन् २००९ डेनमार्कको कोपनहेगनमा भएको १५औं सम्मेलनमा तत्कालीन प्रधानमन्त्री माधव नेपाल, सन् २०१८ मा पोल्याण्डमा भएको २४औं सम्मेलनमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीको नेतृत्वको नेपालले उच्चस्तरीय सहभागिता जनाएको थियो ।

त्यसैगरी सन् २०२१ मा संयुक्त अधिराज्यको स्कटल्यान्डमा भएको २७औं सम्मेलनमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा, सन् २०२३ मा यूएईको दुबईमा भएको कोप-२८ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल र गत वर्ष अजरबैजानको बाकुमा भएको कोप-२९ सम्मेलनमा वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वको सहभागिता जनाइएको थियो ।

# नेपाल इरानसँग पराजित

झापा(प्रस) । नेपाल, भारत र इरान बीचको त्रिदेशीय फिफा मैत्रीपूर्ण प्रतियोगिताको पहिलो खेलमा नेपाल इरानसँग पराजित भएको छ।

भारतको सिलोङस्थित जवारलाल नेहरू रङ्गशालामा भएको खेलमा नेपाल इरानसँग ३-० ले पराजित भएको हो।

नेपाललाई हराउँदै इरान लगातार दुई खेलमा जितसहित प्रतियोगिताको उपाधि जितेको छ।

खेलको एघारौँ मिनेटमा नेपालले फ्री किक मार्फत राम्रो मौका पाएको थियो। जसमा प्रीति राईले प्रहार गरेको फ्री किक बललाई कप्तान सावित्रा भण्डारीले राम्रोसँग कन्ट्रोलमा लिन सकिनन्।

खेलको ३१ औँ मिनेटमा नेपालको तर्फबाट सुनौलो अवसर गुम्यो। सविता राना मगरले हानेको बल डिफेन्डरले क्लियर गर्न नसक्दा नेपालकी मिडफिल्डर रेखा पौडेलले उक्त बल प्राप्त गरेकी थिइन्। पोष्टको ठिक अगाडि डिफेन्डरलाई बिट गर्दै पाएको बललाई उनले सदुपयोग गर्न नसक्दा बल पहिलो पोस्ट हुँदै बाहिरियो।

पहिलो हाफ गोल रहित बराबरीमा सकिँदा दोस्रो हाफको सुरुवातमा नै नेपालले ३ गोल बेहोर्‍यो।



खेलको ४९ औँ मिनेटमा इरानकी साराले बिमल नेपालको डिफेन्डर बिमला विक र गोलकिपर एन्जिला तुम्बापो सुब्बालाई बिट गर्दै गोल गरिन्। इरानकी गोलकिपरले फालेको लङ बललाई गोलमा परिणत गरेकी हुन्। खेलको ५२ औँ मिनेटमा इरानले दोस्रो गोल गर्‍यो। इरानका लागि कप्तान जेहरा गाबारीले डिबक्स बाहिर पाएको फ्री किकलाई दोस्रो बारमा गोल गरेकी हुन्।

खेलको ५७ औँ मिनेटमा नेपालले तेस्रो गोल बेहोर्‍यो। इरानको लागि जर्सी नम्बर ८ कि सबनामले इरानको लागि तेस्रो गोल गरिन्।

खेलको ६९ औँ मिनेटमा प्रीति राईले बिट गर्दै हानेको प्रहार पहिलो बार हुँदै बाहिरियो।

खेलको ७८ औ मिनेटमा प्रीति राईले पोस्ट बाहिरबाट दिएको बललाई रश्मी कुमारी घिसिङ्ले गरेको फाइडरलाई इरानकी गोलकिपरले दोस्रो बारबाट बाहिर पठाइदिइन्।

दोस्रो हाफमा नेपालको रक्षा पंक्ति कमजोर देखियो। जसको फलस्वरूप नेपालका प्रशिक्षक नविन न्यौपानेले रक्षा पंक्ति बलियो बनाउँदै अग्रपंक्तिमा पनि रश्मीकुमारी घिसिङ, अनिता बस्नेत थप्दै मिडफिल्डमा दिपा शाही र रक्षा पंक्तिमा मनमाया दमाई जस्ता खेलाडीलाई थपे। गोलकिपरमा एन्जिला तुम्बापो सुब्बालाई परिवर्तन गर्दै अञ्जना राना मगर मैदान प्रवेश गरिन्।

दोस्रो हाफको १२ मिनेट भित्र तीन गोल बेहोर्दा नेपाललाई त्यसपछि कमब्याक गर्न निकै गाह्रो पर्‍यो।

इरानको बलियो डिफेन्स नेपालको आक्रमणले केही मौका बनाए पनि सफल पनि हुन सकेन।

फिफा वरीयतामा इरान ७०औँ र नेपाल ८९औँ स्थानमा छ । यसअघि नेपाल र इरानको महिला टोलीबीच एक पटक मात्र खेल भएको छ । ६ वर्ष अगाडि नेपाल र इरानले २०१९ मा खेलेका थिए। जसमा नेपाल ३-० ले विजयी भएको थियो। शुक्रवार त्यसको ठिक विपरीत भएको छ।

इरानले यस मैत्रीपूर्ण खेलको पहिलो खेलमा आयोजक भारतलाई २-० ले पराजित गरिसकेको छानेपालले दोस्रो खेल आयोजक भारतसँग कार्तिक १० मा खेल्नेछ।

# पर्व सकियो तर कार्यालय आइतबार मात्रै खुल्ने

झापा(प्रस) । दिदीबहिनीको हातबाट भाइटीका लगाएसँगै बिहीबार नै तिहार सम्पन्न भएको छ। तर तिहारको नाममा सरकारी बिदा भने शुक्रबार पनि छ। यससँगै यो वर्ष तिहारको बिदा पाँच दिनको भएको छ। नेपाल सरकारले पहिले-पहिले तिहारमा लक्ष्मीपूजादेखि भाइटीकासम्म तीन दिन मात्र बिदा दिने गरेको थियो। गृह मन्त्रालयले प्रकाशन गरेको राजपत्रमै पनि यो वर्ष कात्तिक ३ देखि ७ गते शुक्रबारसम्म तिहार बिदा उल्लेख छ। तिथि घटबढका कारण यो वर्ष लक्ष्मीपूजा र भाइटीकाकै बिचमा एक दिन बिदा थपिएको छ।

लामो सरकारी बिदाका कारण सरकारी कार्यालयका काम प्रभावित हुने र सेवाग्राहीले कठिनाइ भोग्नुपर्ने भन्दै विरोध हुने गरे पनि सरकारले तिहारका नाममा अनावश्यक बिदा दिएको हो। सोमबारदेखि बन्द सरकारी कार्यालय एक सातापछि आइतबार मात्र खुल्नेछन्। आइतबार खुले पनि सोमबार मिथिलाञ्चलको महान् पर्व छठ परेको छ। यो दिन पनि सार्वजनिक बिदा छ।

केही वर्षअघि तिथिकै घटबढका कारण विभिन्न समुदायले छुट्टाछुट्टै दिन भाइटीका मनाएपछि सरकारले पछाडि एक दिन बिदा दिन शुरु गरेको थियो। तर केही पर्व नपरे पनि बिदा दिने क्रम भने रोकिएको छैन।

**झापामा....**

आयोगका अनुसार गत असार मसान्तसम्म मतदाता नामावलीमा नाम दर्ता गराएकाहरूको संख्या १ करोड ८१ लाख ६८ हजार २ सय ३० छन् ।

त्यसमा महिला मतदाता ८९ लाख १६ हजार ५ सय २, पुरुष मतदाता ९२ लाख ५१ हजार ५ सय ४१ र अन्य मतदाता १ सय ८७ छन् । अहिले दर्ता भइरहेका नाम थपिएपछि अन्तिम मतदाता नामावाली र संख्या तय हुनेछ । २०७९ को निर्वाचनको समयमा १ करोड ७९ लाख ८८ हजार ५ सय ७७ मतदाता कायम थिए ।

मतदाता नामावलीमा दर्ता रहेका व्यक्तिहरूले आफ्नो नामावलीमा रहेका त्रुटि पनि ३० कात्तिकसम्म सच्याउन पाउँछन् ।

त्रुटि सच्याउने वा एक ठाउँबाट अर्को स्थानमा नामावली सार्ने कार्य पनि यस अवधिमा गर्न पाउने आयोगका सूचना अधिकारी घिमिरेले बताए । नामावली सार्नका लागि सम्बन्धित व्यक्तिले बसाइँ सराइको प्रमाणपत्र पेस गर्नुपर्ने उनले जानकारी दिए ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मीन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ